

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## *संक्षिप्त परिचय*

*हाम्रो चाहना स्वच्छ, पारदर्शी, जिम्मेवार र भ्रष्टाचारमुक्त राज्य संयन्त्रको स्थापना*

CIAA

"सदाचार

निष्पक्षता

निडरता"

# आयोगको मूलभूत लक्ष्य



*का. वा. प्रमुख आयुक्त श्री ललित बहादुर लिम्बु*

**भ्रष्टाचार नियन्त्रणको माध्यमद्वारा मुलुकमा कानूनी राज्य र सुशासन स्थापना गर्न योगदान पुऱ्याउने ।**



*आयोगको वार्षिक प्रतिवेदन ग्रहण गर्दै प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला*

# पृष्ठभूमि

भ्रष्टाचार नियन्त्रण विश्व समुदायकै लागि एक चुनौतीपूर्ण कार्यको रुपमा रहेको छ । गम्भीर प्रकृतिको यो सामाजिक अपराधलाई रोकथाम गरी सुशासन कायम गर्ने दिशामा संसारका प्रायः सबै मुलुकहरु लागिपरेका छन् । भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न मुलुकहरुमा विभिन्न किसिमका संयन्त्रहरुको गठन भएको पाइन्छ । नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि संवैधानिक निकायका रुपमा वि.सं. २०४७ साल माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको हो ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ११, धारा ११९, १२० र १२१ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरी सार्वजनिक पदधारण गरेका पदाधिकारीहरुद्वारा हुने “अनुचित कार्य” र “भ्रष्टाचार” नियन्त्रण गर्ने प्रमुख दायित्व तोकिएको छ । नेपालको अन्तरिम संविधान, २०६३, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ द्वारा प्रदत्त अधिकार अनुसार आयोगले आफ्नो स्थापनाकालदेखि भ्रष्टाचार नियन्त्रण गर्ने अभियानमा विभिन्न उपचारात्मक, प्रतिरोधात्मक र प्रवर्द्धनात्मक उपायहरु अवलम्बन गरी मुलुकमा भ्रष्टाचारमुक्त विधिको शासन व्यवस्थाको प्रत्याभूति दिन प्रयत्नशील रही आएको छ ।



*का. वा. प्रमुख आयुक्त*
*श्री ललितबहादुर लिम्बू*



*आयुक्त*
*श्री बेदप्रसाद शिवाकोटी*



*सचिब*
*श्री भगवती कुमार काफ्ले*



*भ्रष्टाचार नियन्त्रण विषयक अन्तरक्रियामा अन्तरिम व्यवस्थापिका संसदका सांसद, आयोगका पदाधिकारी र अन्य विशिष्ट सहभागीहरु*

# आयोगका लक्ष्यहरू

- भ्रष्टाचारमुक्त राज्यसंयन्त्रको माध्यमबाट कानूनी राज्य र समृद्ध मुलुक निर्माणमा सहयोग पुऱ्याउने ।
- अनुचित कार्य वा भ्रष्टाचार विरुद्धको कारवाहीलाई समन्वयात्मक एवं सशक्त ढंगले अगाडि बढाई सुशासन कायम गर्न टेवा पुऱ्याउने ।
- मुलुकमा जनताले अनुभूत गर्ने गरी भ्रष्टाचारलाई न्यूनीकरण गर्दै सदाचार पद्धतिको निर्माण गरी राजनीतिक स्थायित्व, आर्थिक विकास र सामाजिक अनुशासन कायम गर्न सहयोग पुऱ्याउने ।

# गठन



*आयोगका स.न्या.व. श्री समिर सिलवाल र शा.अ. श्री पुरुषोत्तम अधिकारी वालीमा आयोजित खरिद व्यवस्थापन सम्बन्धि बैठकमा*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ बमोजिम आयोगमा एक जना प्रमुख आयुक्त र आवश्यक संख्यामा अन्य आयुक्तहरु रहने प्रावधान छ। संवैधानिक परिषद्को सिफारिसमा प्रधानमन्त्रीबाट आयोगका प्रमुख आयुक्त तथा अन्य आयुक्तहरुको नियुक्ति हुन्छ। आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरुको पदावधि ६ वर्षको हुने र ६५ वर्षको उमेरसम्म बहाल रहन सक्ने तथा सो पदबाट सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधार र तरीकाले हटाउन सकिने व्यवस्था रहेको छ। आयुक्तहरुको पुनर्नियुक्ति हुन सक्दछ। हाल आयोगमा एकजना का. वा. प्रमुख आयुक्त र दुई जना आयुक्तहरु बहाल रहनुभएको छ।



*नेपाल सरकारका सचिवहरु अन्तरक्रिया कार्यक्रममा सहभागी हुँदै*

# काम, कर्तव्य र अधिकार

- कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा गराउने,
- खराव आचरणका आधारमा महाअभियोग प्रस्ताव पारित भई पदमुक्त हुने संवैधानिक पदाधिकारीहरु, न्यायपरिषद्बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरु र सैनिक ऐन वमोजिम कारवाही हुने ब्यक्तिका हकमा निजलाई पदमुक्त भई सके पछि कानुन वमोजिम अनुसन्धान र तहकिकात गर्ने गराउने,
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले *अनुचित* कार्य गरी अख्तियारको दुरुपयोग गरेको देखिएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा विभागीय वा अन्य कारवाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउने,
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम *भ्रष्टाचार* मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरु उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउने,
- प्रधानमन्त्री समक्ष सम्पादित कामहरुको वार्षिक प्रतिवेदन पेश गर्ने ।



*आयोगका आयुक्त श्री बेद प्रसाद सिवाकोटी र उप-सचिव डा. मीन बहादुर पौड्याल क्षेत्री इन्डोनेसियाको वालीमा भएको ADB/OECD सम्मेलनका अवशरमा*



*आयोग र यू. एन. डि. पी. द्वारा संयुक्त रुपमा आयोजित अन्तरक्रिया कार्यक्रममा अन्तरिम व्यवस्थापिका संसदका सांसद, आयोगका पदाधिकारी, सचिव, यू. एन. डि. पी. का कर्मचारी र अन्य सहभागीहरु*

# अन्य कार्यहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई कानूनी राज्यको अवधारणा अनुरुप सुशासनको स्थापना र सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने केही सुधारात्मक कार्यहरु गर्ने थप दायित्व पनि सुम्पेको छ। यस अन्तर्गत आयोगबाट निम्न कार्यहरु पनि सम्पादित हुन्छन् :

- विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटी भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने;
- दुष्परिणाम सच्याउन आदेश दिने;
- हानी नोक्सानी असूल उपर गराउने;
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई छाड्ने;
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले प्रवर्द्धनात्मक कार्यहरु गर्ने;
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसंग समन्वय, आपसी सम्बन्ध र सहयोग वृद्धि गर्ने;
- आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने।

*आयोगका का. वा. प्रमुख आयुक्त विदेशीहरुसंगको बैठकमा*





ADB/OECD को सेमिनारमा भाग लिदै आयुक्त श्री बेद प्रसाद सिवाकोटी, उप-सचिव डा. मीन बहादुर पौड्याल क्षेत्री र अन्य मुलुकका सहभागीहरु

# आयोगका विशेषताहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोग सार्वजनिक पदाधिकारीहरुबाट हुने अनुचित कार्य र भ्रष्टाचारको नियन्त्रण गर्ने कार्यमा विशेषज्ञता प्राप्त संवैधानिक निकाय हो । विगतका केही वर्षहरुमा आयोगको संगठनात्मक संरचनामा सुधार भई काम गर्ने वातावरण र संस्कृतिको निर्माण भएको छ । यसबाट आयोगको अनुसन्धान र अभियोजन गर्ने दक्षता तथा कार्यक्षमताको विकास भएको छ । आयोगका विशेषताहरु निम्नानुसार रहेका छन् :

- अनुचित कार्य र भ्रष्टाचारको अनुसन्धान तहकिकातको कार्यमा दक्षता र विशेषज्ञता प्राप्त निकाय;
- भ्रष्टाचारको अनुसन्धान र अभियोजनमा बाह्य प्रभावबाट अलग्ग रहेको स्वायत्त निकाय;
- अनुसन्धान कार्यका लागि अन्य सरकारी संयन्त्रभन्दा भिन्न निकाय;
- सर्वसाधारणको लागि भरोसा रहेको निकाय;
- आफ्नो कार्यसम्पादन प्रति संवेदनशील निकाय;
- आयोगबाट विशेष अदालतमा दायर भएका मुद्दाहरुमा उच्च सफलता प्राप्त ।

आयोगका आयुक्त बेद प्रसाद सिवाकोटी र उप-सचिव डा. मीन बहादुर पौड्याल क्षेत्री ADB/OECD बैठकमा



# भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका

अन्य मुलुकहरुमा झैं नेपालमा पनि भ्रष्टाचार विरुद्ध कार्यरत विशेष निकायका रुपमा आयोगले दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक भूमिका निर्वाह गरिरहेको छ ।

## आयोगको भूमिका

### दण्डात्मक

- उजूरी दर्ता
- अनुसन्धान
- अभियोजन
- विभागीय कारवाही
- ध्यानाकर्षण
- सचेत
- असूल उपर
- दुष्परिणाम सच्याउने
- अन्य कारवाहीहरु

### निरोधात्मक / प्रबर्द्धनात्मक

- आचार संहिता
- नेपाल सरकारका विभागहरुको कार्यविधिको निर्माण र कार्यान्वयन
- निरीक्षण र अनुगमन
- अनुसन्धान/अभियोजन सम्बन्धी तालिम
- नेपाल सरकारलाई नीतिगत सुझावहरु
- नियन्त्रणात्मक भुमिका रहेका सरकारी निकायहरुलाई सजग गराउने
- अन्तर्राष्ट्रिय सम्पर्क
  - संयुक्त राष्ट्र संघको भ्रष्टाचार विरुद्धको महासन्धिमा हस्ताक्षर
  - ए.डि.बी./ओ.इ.सि.डी. को अभियानमा सदस्यका रुपमा संलग्न
  - विभिन्न फोरमहरुमा सहभागिता
- प्रकाशनहरु
  समाचार बुलेटिन, ब्रोसर, भ्रष्टाचार सम्बन्धी कानूनहरु, अनुसन्धान दिग्दर्शन, निर्देशिका, अदालतका फैसला
- प्रचार प्रसार
  रेडियो कार्यक्रम, लोक दोहोरी, सामाग्री उत्पादन
- क्षेत्र र जिल्लाहरुमा गोष्ठी
- समन्वय समितिको गठन
- सहकार्य
  भ्रष्टाचार विरोधी संस्था, नागरिक समाज, गैर सरकारी संस्था, पत्रकार, निजी क्षेत्र

सार्वजनिक पदधारण गरेका व्यक्तिहरूबाट भएको अनुचित कार्य सम्बन्धमा आयोगले अम्वुड्सम्यानको रुपमा नागरिकहरुको तर्फबाट उजूरी र गुनासाहरु सुन्ने वा त्यसबारे यथार्थता बुझ्ने र निष्कर्ष सहित कारवाहीका लागि अख्तियारवाला समक्ष पठाउने गर्दछ । आयोगले अनुसन्धानकर्ताका रुपमा प्रारम्भिक एवं विस्तृत अनुसन्धान गर्ने कार्य गर्दछ । अनुसन्धानबाट भ्रष्टाचार भएको देखिएमा विशेष अदालतमा मुद्दा दायर गरिन्छ । विशेष अदालतबाट भएको फैसलामा चित्त नबुझेमा सर्वोच्च अदालतमा पुनरावेदन गरिन्छ । कहीं कतैबाट अनुचित कार्य भएको देखिएमा विभागीय कारवाही लगायत अन्य आवश्यक कारवाहीका लागि अख्तियारवालालाई लेखी पठाउने, सचेत गराउने, सुझाव दिने र ध्यानाकर्षण गराउने कार्य गरिन्छ ।

# प्रशासनिक संगठन

केन्द्रीय स्तरमा आयोगको सचिवालय रहेको छ, जसको प्रमुखमा नेपाल सरकारद्वारा नियुक्त सचिव रहने व्यवस्था छ। नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी अनुरुप नेपाल सरकारबाटै खटाइएका कर्मचारीहरु सचिवालयमा रहने व्यवस्था छ। आयोगको कार्य प्रकृति र त्यसमा गर्नु पर्ने अनुसन्धानको कारवाहीमा तत्सम्बन्धी विषयको दक्ष जनशक्तिको आवश्यकता पर्ने हुँदा न्याय, प्रशासन, लेखा, बैंक, प्राविधिक, प्रहरी आदि क्षेत्रका कर्मचारीहरुबाट सेवा प्राप्त हुने गरेको छ। आयोगमा ६ वटा अनुसन्धान महाशाखाहरु, प्रशासन महाशाखा, योजना महाशाखा, प्रहरी महाशाखा र मुद्दा महाशाखा गरी १० वटा महाशाखाहरु रहेका छन् भने अनुसन्धानको कार्य प्रकृति अनुसार वैधानिक आर्जनको स्रोत पुष्टि नभएको सम्पत्ति छानबिन कार्य टोली र नक्कली शैक्षिक प्रमाणपत्र छानविन इकाइको व्यवस्था गरिएको छ। साथै आयोगमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न योजना महाशाखा अन्तर्गत तालीम शाखा स्थापना गरिएको छ। त्यसैगरी अनुसन्धान कार्यमा प्रभावकारिता ल्याउन योजना महाशाखा अन्तर्गत व्यवस्थापन सूचना इकाई र प्रहरी महाशाखा अन्तर्गत इन्टेलिजेन्स इकाईको पनि स्थापना गरिएको छ। अदालतमा दायर भएका मुद्दाहरुको प्रतिरक्षाका लागि आयोग र महान्यायाधिवक्ताको कार्यालयको समन्वयमा एक विशेष शाखाको समेत व्यवस्था गरिएको छ। हाल आयोगमा संवैधानिक पदाधिकारीहरु २, स्वीकृत दरबन्दी तर्फ १९०, पूल दरबन्दी तर्फ ११, फाजिलमा परी काज खटिएका ७, आयोगबाट माग भई काजमा खटिएका ४०, सेवा करार २, पहरा तर्फ २१ तथा अंगरक्षक २ समेत जम्मा २७५ कर्मचारी कार्यरत छन्।

# अधिकार प्रत्यायोजन

आयोगको व्यापक क्षेत्राधिकारको सन्दर्भमा आयोगको प्रशासनिक संगठनलाई स्थानीय तहमा विस्तार गर्ने सम्बन्धमा दीर्घकालीन सोच रहेको छ। हाल क्षेत्रीय प्रशासक तथा प्रमुख जिल्ला अधिकारीहरुलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार सुम्पी कार्य सम्पादन गर्ने व्यवस्था मिलाइएको छ। साथै पाइलट जिल्लाको रुपमा झापा, मोरङ्ग, धनुषा, पर्सा, चितवन, कास्की, रुपन्देही, दाङ्ग, बाँके र कैलाली गरी १० जिल्लाहरु र पाँचवटै क्षेत्रीय प्रशासन कार्यालयहरुमा आयोगको बेग्लै इकाई स्थापना गरी भ्रष्टाचार एवं अनुचित कार्यका उजूरीहरु उपर आवश्यक कारवाही भइरहेको छ।

# उजूरी निवेदन सम्बन्धी व्यवस्था

## (क) अनुचित कार्य सम्बन्धी उजूरी प्रकृया

- सार्वजनिक हित वा सरोकारको विषयमा प्रतिकूल असर पर्ने गरी कसैले अनुचित कार्य गरेमा जोसुकैले पनि उजूरी दिन सक्नेछ,
- सो बाहेक अन्य बिषयमा अनुचित कार्यबाट प्रतिकूल असर पर्ने व्यक्तिले उजूरी दिन सक्नेछ ।

## (ख) भ्रष्टाचार सम्बन्धी उजूरी प्रकृया

भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा अनुसन्धान र तहकिकात गर्न सकिने ।

## (ग) उजूरी दिने स्थान:



अख्तियार दुरुपयोग सम्बन्धी विषयमा आयोगका सम्माननीय प्रमुख आयुक्त, माननीय आयुक्त वा आयोग अथवा सम्बन्धित क्षेत्रीय प्रशासक वा प्रमुख जिल्ला अधिकारीलाई संबोधन गरी निम्न कार्यालयहरुमा आफै उपस्थित भई वा हुलाक, फ्याक्स, इमेल वा टेलिफोन मार्फत् समेत उजूरी दिन सकिन्छ:

क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा, वा
ख) क्षेत्रीय प्रशासन कार्यालयहरुमा, वा
ग) जिल्ला प्रशासन कार्यालयहरुमा ।

# कारवाहीको अद्यावधिक विवरण



| विवरण | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४ |
|---|---|---|---|---|---|---|
| आयोगको बैठक सं. | १०२ | ११७ | १२९ | १६० | १९२ | १४५ |
| आयोगको निर्णय सं. | २४५ | २१९ | ३५१ | ४०१ | ४८२ | ३८२ |
| कूल उजूरी | २५२२ | ३९६६ | ३७३२ | ४७५९ | ४३२४ | ३५६४ |
| फर्छ्यौट | २०१५ | २४८१ | ३१८८ | ३७०९ | ३३५३ | २९७६ |
| मुद्दा दायर | ६१ | १४७ | ९३ | ११३ | ११४ | ११५ |
| विभागीय कारवाही | १८ | २५ | ३८ | ३९ | ४५ | २६ |
| सचेत/सतर्क | १५ | २५ | २४ | ४२ | १९ | १६ |
| ध्यानाकर्षण | २७ | ९ | ३ | ६ | ६ | १३ |
| सुझाव | ५० | २२ | २० | २२ | १३ | ९६ |

*हाम्रो चाहना स्वच्छ, पारदर्शी, जिम्मेवार र भ्रष्टाचारमुक्त राज्य संयन्त्रको स्थापना*

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठन तालिका





*रामेछाप जिल्लामा संचालित कार्यक्रममा आयोगका सचिव श्री भगवती कुमार काफ्ले लगायतका महानुभावहरु*



*अन्तरक्रिया कार्यक्रममा आयोगका सचिव श्री भगवती कुमार काफ्ले लगायत अन्य कर्मचारीहरु*




**सम्पर्क ठेगाना :**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

टंगाल, काठमाण्डौं, नेपाल

पोष्ट बक्सः ९९९६

फोन नं.: ४४४०१५१

फ्याक्सः ९७७ ०१ ४४४०१२८

इ-मेलः akhtiyar@ntc.net.np

इन्टरनेटः www.akhtiyar.org.np


***हाम्रो चाहना स्वच्छ, पारदर्शी, जिम्मेवार र भ्रष्टाचारमुक्त राज्य संयन्त्रको स्थापना***